**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम**

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको आ.व. २०७९।८० को तेस्रो त्रैमासिक (माघ - चैत्र) को प्रगति विवरण




नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरवार, काठमाडौं

# त्रैमासिक प्रतिवेदन (२०७९ माघ देखि २०७९ चैत्रसम्म)

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्वरुप र प्रकृति

विश्वका हरेक मुलुकमा व्यक्ति विशेषको प्रमाणीकरणका लागि सरकारको तर्फबाट नागरिक पहिचान पत्र प्रदान गर्ने गरेको पाइन्छ। नेपालमा पनि सरकारको तर्फबाट नागरिक लागिलाई प्रदान गर्ने सेवा तथा सरकारको नियन्त्रण एवं अनुगमनमा अन्य सार्बजनिक निकायले प्रदान गर्ने सेवाका लागि सरकारबाट जारी गरिएको व्यक्ति पहिचान पत्रलाई उपयोग गरी सार्वजनिक सेवा प्रवाह गर्ने कार्य भैरहेको छ। नेपालमा नागरिक पहिचानको मुख्य आधारको रुपमा नेपाली नागरिकता प्रमाण पत्र प्रदान गर्ने अभ्यास विगत लामो समयदेखि हुँदै आएको छ। एकीकृत, सुदृढ एवं प्रविधिमैत्री प्रणालीको अभावमा एउटै मानिसका विभिन्न ठाउँमा फरक-फरक पहिचान हुन सक्ने सम्भावना रहेको अवस्थामा सर्वप्रथम आर्थिक वर्ष २०६६।०६७ को बजेट वक्तव्यको शान्ति सुरक्षा जनताको अपेक्षा शीर्षकमा "सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटो सहितको बायोमेट्रिक स्मार्टकार्ड वितरण गरिने छ। वृद्ध भत्ता तथा अन्य सामाजिक सुरक्षा भत्ताहरु पनि यसै कार्डको प्रयोग गरी जुनसुकै बैंकबाट रकम निकाल्न सकिने व्यवस्था गरिने छ। यो परिचयपत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन, व्यक्तिगत घटना दर्ताको केन्द्रीय अभिलेखन र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनका लागि एउटा छुट्टै केन्द्रीय निकाय खडा गरिने छ" भनी उल्लेख गरिएको थियो।

नेपाल सरकारको २०६७।३।१६ गते को निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०६७।४।१ गते राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको स्थापना भयो। त्यस्तै तत्कालीन स्थानिय बिकास मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०७१।६।३० मा पञ्जीकरण बिभागको स्थापना भयो। नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७५/०६/२८ गतेको निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय परिचयपत्र व्यबस्थापन केन्द्र र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र बसाईँ सराईँ जस्ता व्यक्तिगत घटनाहरुको दर्ता व्यवस्थापन एवं नियन्त्रण र सामाजिक सुरक्षा कार्यक्रमको सञ्चालन व्यवस्थापनको प्रमुख जिम्मेवारी रहेको केन्द्रीय पञ्जीकरण बिभाग एकीकरण भई गृह मन्त्रालय अन्तर्गत रहने गरी **राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग** गठन भएको छ।

नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार गृह मन्त्रालयको कार्यक्षेत्र भित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन सम्बन्धी विषय उल्लेख भएकोले यस विभागले सम्पादन गर्ने कार्यहरु मुलुकको शान्ति, सुरक्षा, सुव्यवस्था एवं सुशासन र समृद्धिसँग प्रत्यक्ष सम्बन्धित रहेको छ।
नेपालको संविधानको धारा १५ मा नेपालको प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने व्यवस्था छ भने धारा ५१ (च) (५) "राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना

प्रविधिको उच्चतम उपयोग गर्ने।", धारा ५१ (च) (७) "एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृत रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलव्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने।" धारा ५१ (च) (८) "जनसांख्यिक तथ्याकंलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने।" धारा ४३ "आर्थिक रुपले विपन्न, अशक्त र असाहय अवस्थामा रहेका, असाहय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ।" संवैधानिक व्यवस्था रहेको छ। राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण व्यवस्थापन र सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापनको क्रममा सरकारका विभिन्न नीति कार्यक्रम तथा बजेटमा प्रत्येक नागरिकलाई बहुउपयोगी राष्ट्रिय परिचयपत्रको रुपमा बायोमेट्रिक स्मार्टकार्ड वितरण गर्ने परिकल्पना गरेको देखिन्छ। विभिन्न दस्तावेजमा उल्लेख भएको सन्दर्भलाई राष्ट्रिय परिचयपत्र सम्बन्धी राष्ट्रिय नीतिको रुपमा विश्लेषण गरिएको छ।

**पन्ध्रौं योजना:** पन्ध्रौं योजनाले नागरिकका सूचना र विवरण सहितको राष्ट्रिय परिचयपत्र प्रणाली विकास गरी अर्थतन्त्रको औपचारिकीकरण तथा सुशासन प्रवर्द्धन गर्ने उद्धेश्यका साथ राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रमलाई रुपान्तरणकारी आयोजना (Game Changer Program) का रुपमा राखेको।

**नेपाल सरकारको नीति तथा कार्यक्रम (आ.व. २०७९/८०)**: राष्ट्रिय परिचयपत्रलाई तदारुकताका साथ वितरण गरिनेछ। यसलाई सबै प्रकारका सेवाप्रवाहमा क्रमश आवद्ध गर्दै लगिनेछ। व्यक्तिगत घटना दर्तालाई विधुतीय प्रणालीमा आवद्ध गरी वडास्तरसम्म विस्तार गरिनेछ। सामाजिक सुरक्षा कार्यक्रमलाई एकद्धार प्रणालीबाट सञ्चालन गरिनेछ।

**डिजिटल नेपाल फ्रेमवर्क, २०७६ मा रहेको व्यवस्था**: डिजिटल नेपाल फ्रेमवर्क कार्यक्रम कार्यान्वयन योजनामा क्र.सं. १४ को पहल/संकेत ०१.१४ मा राष्ट्रिय बायोमेट्रिक परिचयपत्र लागू गर्ने व्यवस्था रहेको छ।

**आ. व. २०७९/०८० को बजेट वक्तव्य:** आ.व. २०७८।७९ को बजेट मार्फत ७० लाख नागरिकको विवरण संकलन गरी ३० लाख नागरिकलाई राष्ट्रिय परिचयपत्र कार्ड वितरण गर्ने व्यवस्था गरिएको थियो भने आ व २०७९।०८० को बजेटमा विभिन्न बुँदाहरुमा निम्नानुसार व्यवस्था गरिएको छः

बुँदा नं १८६: विपन्न, जेष्ठ नागरिक, एकल महिला र सिमान्तकृत वर्ग तथा समुदाय लक्षित सामाजिक सुरक्षा कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। राजनितिक परिवर्तनको आन्दोलनमा बलिदान गर्ने परिवारको लागि प्रदान हुँदै आएको जिवनवृति रकमलाई निरन्तरता दिएको छु।

बुँदा नं १८७ : सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत हाल ७० वर्षमाथिको उमेर समुहका जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएकोमा आगामि आर्थिक वर्षदेखि यसको दायरा बढाई ६८ वर्ष माथिका जेष्ठ नागरिकलाई समेत सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था मिलाएको छु। सामाजिक सुरक्षा भत्ता नलिन स्वःघोषणा गर्ने लाभग्राहीहरुलाई सरकारद्धारा सम्मान गरिनेछ।

बुँदा नं १८८: सामाजिक संरक्षण र सुरक्षा कार्यक्रमलाई यथार्थपरक र वस्तुनिष्ठ रुपमा एकद्धार प्रणालीमार्फत सञ्चालन गर्न सामाजिक आर्थिक सूचना सहितको एकिकृत लगत राख्ने व्यवस्था मिलाइनेछ।

बुँदा नं ३५४: दुई वर्षभित्र सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराइनेछ। आगामि आर्थिक वर्षभित्र थप २० लाख नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराइनेछ। वैयक्तिक सूचना प्रणालीलाई भरपर्दो र व्यवस्थित बनाउन व्यक्तिगत घटना दर्तालाई विधुतीय प्रणालीमा आबद्ध गरी सबै वडासम्म विस्तार गरिनेछ।

**गृह प्रशासन सुधार योजना, २०७८**

**क) नीतिगत र कानूनी सूधार**

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ संशोधन गर्ने,
- १ वर्षभित्र व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यविधि तर्जुमा,
- १ वर्षभित्र एकिकृत सामाजिक लगत (ISR) सम्बन्धी कार्यविधि/मापदण्ड तर्जुमा गर्ने,
- अभियान अवधिभर राष्ट्रिय माहौल सिर्जना गर्ने र अन्तर आवद्धतामा सरोकारवाला निकायहरुको चासो र सरोकारमा अभिबृद्धि गर्ने।

**ख) शान्ति सुरक्षा र अपराध नियन्त्रण**

- राष्ट्रिय परिचयपत्रको विवरण संकलन अभियानमा शान्ति सुरक्षाको आवश्यक व्यवस्था गर्नपर्ने,

**ग) संगठनात्मक सुधार एवं भौतिक पूर्वाधार निर्माण**

- १ वर्षभित्रमा O&M Survey गरी आवश्यक कर्मचारीको दरबन्दी कायम गर्ने।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको लागि थप भवनको व्यवस्था गर्नुपर्ने,

**घ) जनशक्ति व्यवस्थापन तथा क्षमता विकास**

- राष्ट्रिय परिचयपत्र, व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षासँग सम्बद्ध सबै निकायको निरन्तर संस्थागत क्षमता विकास गर्ने।

**च) सेवा प्रवाह र सुशासन**

- २ वर्षभित्र २ (दुई) करोड नागरिकको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन गर्ने।
- २ वर्षभित्र १ (एक) करोड नागरिकलाई राष्ट्रिय परिचयपत्रको वितरण गर्ने।
- २ वर्षभित्र व्यक्तिगत घटना दर्ताको पहुँच विस्तार गरी ८० प्रतिशत सम्म पुर्याउने।
- २ वर्षभित्र अनलाईन व्यक्तिगत घटना दर्ता सम्पुर्ण (६७४३) वडामा विस्तार गर्ने।
- २ वर्षभित्र सबै स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्न व्यवस्था मिलाउने।

**छ) अध्ययन अनुसन्धान तथा सूचना प्रविधिमा आधारित गृह प्रशासन**

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (VERSP-MIS) लाई सुदृढीकरण गर्ने।

**ज) समन्वय सहजीकरण**

- २ वर्षभित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणाली (NID MIS) सँग अन्य निकायको सेवा प्रवाह सम्बन्धी रहेका विद्युत्तीय प्रणालीलाई आवद्ध गर्ने।

**नेपाल सरकारको न्यूनतम साझा कार्यक्रममा समावेश भएको:** आगामी १ वर्षभित्रमा सबै नेपाली नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र वितरण गरीसक्ने घोषणा भएको।(२०७९।०९।२६) मा प्रतिनिधि सभामा सम्मानननीय प्रधानमन्त्रीद्धारा सम्बोधन भएको।

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको काम, कर्तव्य र अधिकार

- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र संचालन गर्ने।
- नागरिकका वैयक्तिक र जैविक विवरण संकलन, भण्डारण र प्रशोधन गर्ने।
- राष्ट्रिय परिचय नम्बर सहितको परिचयपत्र वितरण र सार्वजनिक सेवासँग आबद्धता गर्ने।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी नीतिगत व्यवस्थापन गर्ने।
- व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र संचालन गर्ने।
- व्यक्तिगत घटनाको वैज्ञानिक रूपमा दर्ता एवं अभिलेखीकरण गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता ल्याउन नीतिगत व्यवस्थापन गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा आधुनिकीकरण गर्ने।
- सूचना व्यवस्थापन प्रणालीको विकास गरी उक्त प्रणालीमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरण प्रविष्टि र व्यवस्थापन गर्ने।

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा रहने कर्मचारी संख्या र कार्य विवरण

नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको संगठन संरचना

अनुसूची - १

**महानिर्देशक**
स.स., रा.प.प्र. (प्रशासन) - १

**प्रशासन, योजना तथा अनुगमन शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**प्रशासन**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
क.अधिकृत, रा.प.तृ.(विविध) - १
ना.सु., रा.प.अनं. (प्र./सा.प्र.) - २
क.अ., रा.प.अनं.प्र. (विविध) - १
ह.स.चा.श्रेणीविहीन (*करार*) - ५
का.स. श्रेणीविहीन (*करार*) - ६

**योजना अनुगमन तथा समन्वय**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - २

**जिन्सी**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १

**आर्थिक प्रशासन**
ले.अ., रा.प.तृ. (प्र./ले.) - १
ले.पा., रा.प.अनं.प्र. (प्र./ले.) - १

**राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**परिचयपत्र**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं. प्र. (प्र./सा.प्र.) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १

**पञ्जिकरण शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**पञ्जिकरण**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १

**सामाजिक सुरक्षा शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**सामाजिक सुरक्षा**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १

**सूचना प्रविधि शाखा**
सू.प्र.नि., रा.प.द्वि. (विविध) - १

**प्रणाली विकास, प्रशोधन तथा छपाई**
क. इन्जि., रा.प.तृ. (विविध) - २
क. अधिकृत, रा.प.तृ.(विविध) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १
क.टे., रा.प.अनं.प्र. (विविध) (*करार*) -८

**विद्युतिय सेवा समन्वय**
क. इन्जि, रा.प.तृ. (विविध) - १
त.अ., रा.प.तृ.(आ.यो.त.त.) - १
त. सहायक, रा.प.अनं.प्र. (आ.यो.त.त.) - १
क.टे. ,रा.प.अनं.प्र. (विविध) (*करार*)-४

## हाल विद्यमान रहेको जनशक्ति विवरण स्वीकृत दरबन्दी र पदपूर्ति (स्थायी र करारतर्फ)

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | स्वीकृत दरबन्दी | २०८० वैशाख ११ सम्म कार्यरत | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्र. | प्रशासन | सा.प्र. | १ | १ | ० | |
| २ | निर्देशक | रा.प.द्वि. | प्रशासन | सा.प्र. | ४ | ४ | ० | |
| ३ | सूचना प्रविधि निर्देशक | रा.प.द्वि. | विविध | | १ | १ | ० | |
| ४ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ७ | ७ | ० | |
| ५ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ | ० | |
| ६ | तथ्यांक अधिकृत | रा.प.तृ. | आ.यो.तथा त. | तथ्यांक | १ | ० | १ | |
| ७ | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | | २ | १ | १ | |
| ८ | कम्प्युटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | ३ | ० | |
| ९ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ६ | ६ | ० | |
| १० | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | १ | १ | ० | |
| ११ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ५ | ४ | १ | |
| १२ | तथ्यांक सहायक | रा.प.अनं.प्रथम | आ.यो.तथा त. | तथ्यांक | १ | १ | ० | |
| १३ | हलुका सवारी चालक | श्रेणीविहिन | | | ५ | ५ | ० | बजेट प्रयोजनका लागि करार सेवाबाट पूर्ति |
| १४ | कार्यालय सहयोगी | श्रेणीविहिन | करार | | ८ | ८ | ० | बजेट प्रयोजनका लागि करार सेवाबाट पूर्ति ६ जना<br>गृह मन्त्रालयको मिति २०७८।०४।१९ को निर्णयानुसार २ जना |
| | | | | **जम्मा** | ४६ | ४३ | ३ | |

## जनशक्ति विवरण : स्वीकृत अस्थायी दरबन्दी र करारतर्फ

| क्र.सं. | पद | दरबन्दीको प्रकार | स्वीकृत दरबन्दी | कार्यरत संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | अस्थायी दरबन्दी (स्थायी कर्मचारीबाट पूर्ति) | ३ जना | ३ जना | थप १ जना काजमा |
| २ | नायब सुब्बा | अस्थायी दरबन्दी (स्थायी कर्मचारीबाट पूर्ति) | १२ जना | ८ जना | ४ |
| ३ | कम्प्युटर इन्जिनियर | सेवा करार | १० जना | ७ जना | ३ |
| ४ | कम्प्युटर टेक्निसियन | सेवा करार | १२ जना | १२ जना | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | विवरण दर्ता अपरेटर | सेवा करार, दैनिक ज्यालादारी | १०६६ जना | ८३० | रिक्त २३६ जना |
| ५.१ | विवरण दर्ता अपरेटर | अभियानमा खटिएका | | ६०४ जना | |
| ५.२ | विवरण दर्ता अपरेटर | जिल्ला प्रशासन तथा इलाका प्रशासन कार्यालयमा | | १६९ जना | |
| ५.३ | विवरण दर्ता अपरेटर | विभाग र काठमाडौं उपत्यकामा रहेका स्टेशनमा खटिएका | | ५७ जना | |

**<u>सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) को आयोजना व्यवस्थापन इकाईमा कार्यरत कर्मचारी विवरण:</u>**

| सि.नं. | पद | तह | सेवा/ समूह | स्वीकृत दरवन्दी | पदपूर्ति करार | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | Senior Procurement Specialist | | | १ | १ | ० |
| २ | Financial Management Specialist | | | १ | १ | ० |
| ३ | Payment Specialist | | | १ | ० | १ |
| ४ | Monitoring and Evaluation Specialist | | | १ | ० | १ |
| ५ | Communication Specialist | | | १ | १ | ० |
| ६ | Communication Officer | | | १ | ० | १ |
| ७ | Procurement Officer | | | १ | ० | १ |
| ८ | Program Officer | | | १ | १ | ० |
| ९ | MIS Team Leader | | | १ | १ | ० |
| १० | System Analyst | | | २ | १ | १ |
| ११ | Senior Database Analyst | | | १ | १ | ० |
| १२ | Grievance Manager | | | १ | ० | १ |
| १३ | Senior Software Developer | | | १ | १ | ० |
| १४ | Senior Support Engineer | | | १ | ० | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | MIS Developer/ Programmer | | | ४ | २ | २ |
| १६ | MIS Training Support Staff | | | ४ | १ | ३ |
| १७ | Technical Document Writer | | | १ | ० | १ |
| १८ | Assistant DBA | | | २ | ० | २ |
| १९ | Senior Account Assistant | | | १ | १ | ० |
| २० | Account Assistant | | | ३ | ० | ३ |
| २१ | Project Admin Assistant | | | २ | २ | ० |
| २२ | MIS Operator | | | १००० | ९९८ | २ |
| २३ | Field Assistant | | | १००० | ९९७ | ३ |
| २४ | Driver (Support Staff) | | | २ | २ | ० |
| २५ | Office assistant (Support Staff) | | | २ | २ | ० |
| **जम्मा** | | | | २०३६ | २०१३ | २३ |

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको शाखा र जिम्मेवार अधिकारी

- राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा: निर्देशक, श्री सूर्य बहादुर खत्री, सम्पर्क नं ९८५१३००५१९
- सामाजिक सुरक्षा शाखा: निर्देशक, श्री रामदत्त पाण्डेय, सम्पर्क नं ९८५१३००५१८
- सूचना प्रविधि शाखा: सूचना प्रविधि निर्देशक, श्री मुकेश रेग्मी, सम्पर्क नं ९८५१३००५२०
- प्रशासन,योजना अनुगमन तथासमन्वय शाखा: निर्देशक, श्री कृष्ण पौडेल, सम्पर्क नं ९८५१३००५२२
- पञ्जीकरण शाखा: निर्देशक, श्री नवराज जैशी, सम्पर्क नं ९८५१३००५२१

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट प्रदान गरिने सेवा

१) नेपाली नागरिकहरुलाई वैयक्तिक र जैविक विवरण सहितको स्मार्ट कार्ड परिचयपत्र उपलब्ध गराउने र सोको व्यवस्थापन गर्ने,

२) व्यक्तिगत घटना दर्ताको व्यवस्थापन गर्ने,

३) सामाजिक सुरक्षा भत्ता कार्यक्रमको व्यवस्थापन गर्ने।

## सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र नियमावली २०७७ बमोजिम
- सामाजिक सुरक्षा ऐन, २०७५ र नियमावली २०७६ बमोजिम

**निर्णय गर्ने प्रक्रिया र अधिकारीः** सम्बन्धित शाखाबाट पेश भएको टिप्पणीको आधारमा महानिर्देशकबाट निर्णय हुने।

**निर्णय उपर उजुरी सुन्ने अधिकारीः** महानिर्देशक

## तेस्रो त्रैमासिक (२०७९ माघ देखि चैत्रसम्म) मा सम्पादित कार्यहरुको विवरणः

### १. राष्ट्रिय परिचयपत्र तर्फ

- राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन
  - हालसम्मः ११८७१७४३ (अभियानमार्फत ८८३९३७९ र इकाईमार्फत ३०३२३६४)

- २०७९ चैत्र मसान्तसम्म अभियान सम्पन्न भएका जिल्लाः
  - जिल्लाः ताप्लेजुङ, पाँचथर, संखुवासभा, ओखलढुङ्गा, झापा, तेह्रथुम, उदयपुर, खोटाङ, सल्यान, गुल्मी, पाल्पा, नवलपरासी (बर्दाघाट सुस्ता पूर्व), चितवन, सिन्धुली, काभ्रेपलाञ्चोक, कन्चनपुर, अछाम, डडेलधुरा, डोटी, मनाङ, नवलपरासी (बर्दाघाट सुस्ता पश्चिम),कास्की, मकवानपुर, भोजपुर, इलाम, सुर्खेत, कैलाली, स्याङ्जा, भक्तपुर, धनकुटा, सर्लाही, सिन्धुपाल्चोक, रुकुम (पश्चिम), तनहूँ, पर्वत, सप्तरी, रुपन्देही, बैतडी, सुनसरी, ललितपुर, बर्दिया, दोलखा,दार्चुला, गोरखा, बाग्लुङ, दाङ्ग, रामेछाप, बझाङ्ग, रुकुम पूर्व। (४९ जिल्ला)
  - स्थानीय तहः ५१६
  - वडाः ४६४७ वटा

- २०७९ चैत्र मसान्तसम्म अभियान सञ्चालनमा रहेका जिल्लाः

- जिल्लाः मोरङ, कपिलवस्तु, काठमाडौं, सिराहा, धनुषा, धादिङ, बाँके, बारा, पर्सा, रौतहट, महोत्तरी, लमजुङ, म्याग्दी । (१३ जिल्ला)

➢ <u>२०७९ माघ देखि चैत्रसम्मको मासिक विवरण संकलन :</u>

| महिना | जम्मा विवरण संकलन संख्या (जना) | अभियान मार्फत विवरण संकलन संख्या (जना) | दर्ता इकाई स्टेशन मार्फत विवरण संकलन संख्या (जना) | अभियान सम्पन्न जिल्ला संख्या (वटा) | अभियान सम्पन्न स्थानीय तह संख्या (वटा) | अभियान सम्पन्न वडा संख्या (वटा) |
|---|---|---|---|---|---|---|
| माघ | ३३६७४३ | १७९५१५ | १५७२२८ | - | २१ | १६१ |
| फाल्गुन | ४०३१८८ | २६१२४६ | १४१९४२ | - | १८ | १४६ |
| चैत्र | ४०२५५६ | २४४७२२ | १५७८३४ | ४ | १४ | ४९ |
| **जम्मा** | **११४२४८७** | **६८५४८३** | ४५७००४ | ४ | **५३** | **३५६** |

➢ <u>राष्ट्रिय परिचयपत्र खरिद,प्राप्ती,छपाई तथा वितरण (पहिलो चरणको ११७००० सहित)</u>

- राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड प्राप्तिः ८१ लाख १७ हजार
- राष्ट्रिय परिचयपत्र कार्ड छपाईः १३ लाख ३३ हजार २६
- राष्ट्रिय परिचयपत्र कार्ड वितरणः१ लाख ४२ हजार २३९

➢ <u>राष्ट्रिय परिचयपत्र वितरण</u>

गुल्मी, अछाम, कञ्चनपुर, ललितपुर, भक्तपुर, धनुषा, मकवानपुर, चितवन, रुपन्देही, दाङ, कैलाली, सुर्खेत, अर्घाखाँची, स्याङ्जा, कास्की, मोरङ, ओखलढुङ्गा र सोलुखुम्बु गरी १८ जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुबाट परिचयपत्र वितरण गर्ने निर्णय भइ वितरण कार्य भइरहेको।

➢ <u>तालिम तथा अभिमुखीकरण</u>

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी हालसम्म ७५१ जनालाई तालिम तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न।

- कार्ड प्रशोधन,विवरण दर्ता अपरेटर एवं परिचयपत्र वितरणमा संलग्न कर्मचारी तथा राष्ट्रिय परिचयपत्र अभियान सञ्चालन सम्बन्धी र रुजु अधिकारीहरुलाई विभिन्न स्थानहरुमा १६३४ जनालाई तालिम र अभिमुखीकरण सम्पन्न।

## २. पञ्जीकरण तर्फ

- आगामी आ.व. २०८०/८१ को लागि सेवा ईकाइमा कार्यरत जनशक्तिको १३ महिना (चाडवाड खर्च सहित) मध्ये ६ महिना बराबरको पारिश्रमिक रकम साझेदारीको लागि स्थानीय तहहरुसंग श्रोत साझेदारी गर्ने प्रतिबद्धता सहितको प्रतिवद्धतापत्र उपलब्ध गराईदिन अनुरोध गरिएको ।
- VPN द्वारा कार्य सञ्चालनका लागि सबै स्थानीय तहहरुसँग समन्वय गरिएको र प्रणाली र data सुरक्षाको लागि मिति २०७९/११/०६ गतेदेखि VERSP MIS सञ्चालन गर्न VPN अनिवार्य गरिएको।
- श्रीमान् गृह सचिवज्यूको संयोजकत्वमा मिति २०७९/१२/०६ गते CRVS राष्ट्रिय समन्वय समितिको बैठक बसी व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क व्यवस्थापन रणनीति, २०७६ को कार्यान्वयनका सम्बन्धमा हालसम्म भएका प्रगति माथि छलफल एवम् समिक्षा गरिएको ।
- यस विभाग अन्तर्गत सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) को आयोजना व्यवस्थापन इकाई (PMU)को मिति २०७९/१२/२१ गते बैठक बसी NID MIS र VERSP MIS प्रणाली बिच अन्तरआवद्धता गर्ने सम्बन्धमा छलफल गरिएको ।
- यस विभागद्वारा संचालित अनलाइनमा आधारित व्यक्तिगत घटना दर्ता प्रणालीमा रहेका व्यक्तिगत विवरणहरु रुजु गर्न जिल्ला तथा ईलाका प्रशासन कार्यलयहरुलाई API वा Online Portal मार्फत Read Only Access दिने सम्बन्धमा आवश्यक सहजिकरण गरिदिन गृह मन्त्रालयलाई अनुरोध गरिएको ।
- व्यक्तिगत घटना दर्ता Online प्रणालीमा नगएका वडा कार्यालयहरुलाई Online प्रणालीमा जानको लागि ताकेता गरिएको र हाल सम्म **६५८१** वडा कार्यालयहरु Online प्रणालीमा गईसकेको।
- हालसम्म १४०७२२५ जना पाँच वर्षभन्दा मुनीका बालबालिकाको जन्म दर्ता भएको।
- एकल महिलाबाट जन्मेको बच्चाको जन्म दर्ता सम्बन्धमा थप प्रष्ट पार्न स्थानीय पञ्जिकाधिकारी लाई परिपत्र गरिएको।

➢ **अनलाईनमार्फत चैत्र मसान्तसम्म भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी कूल विवरण:**

-अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या – ६५८१

-जन्म - २५६३२०२

-मृत्यु - ६४६११३

-विवाह - १०३२५४८

-सम्बन्ध विच्छेद - ४२५३८

-बसाई सराई - ५७४०५६

कूल जम्मा घटना दर्ता संख्या – ४८५८४५७

➢ **अनलाईनमार्फत माघ देखि चैत्रसम्म मासिक रुपमा भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरणः**

| महिना | अनलाईन मार्फत दर्ता भएका संख्या (वटा) | | | | | | अनलाइन मार्फत शुरुवात गर्ने वडा संख्या (वटा) |
|---|---|---|---|---|---|---|---|
| | जन्म | मृत्यु | विवाह | बसाईं सराइ | सम्बन्ध विच्छेद | जम्मा | |
| माघ | ६८५६९ | २०७९७ | २६८०९ | १४३१६ | १८५५ | १३२३४६ | २८ |
| फाल्गुन | ६८४८४ | १६७६५ | २८२८१ | १४१८९ | १८३१ | १२९५५० | २० |
| चैत्र | ८१५१४ | १८०१३ | ३२७६६ | १५४२२ | २१७९ | १४९८९४ | १६ |
| **जम्मा** | **२१८५६७** | **५५५७५** | **८७८५६** | **४३९२७** | **५८६५** | **३४५८७९** | ६४ |

## ३. सामाजिक सुरक्षा कार्यक्रम तर्फ

- "बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन मापदण्ड २०७९ (नमुना)" तयार गरी कार्यान्वयनका लागि सबै स्थानीय तहमा पठाइएको।
- गत आव को अपुग भत्ता रकम माग गर्ने ८ वटा स्थानीय तहको लागि रु ६९,१०,८६४/- निकासा हुन गृह मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पठाइएको ।
- "सामाजिक सुरक्षा भत्ता वितरणमा बैंकहरुको मुख्य अनलाइन प्रणाली र विभागको **VERSP-MIS** प्रणाली आवद्धता गर्न विभागको अनलाइन प्रणालीमा **API (Application Programming Interface)** प्रणाली तयार भएको।
- बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण बारे बैंकिङ समस्या समाधान तथा सहजीकरण समिति को बैठक मिति २०७९/११/२९ गते सम्पन्न भएको।
- चालु आ.व २०७९/८० नवीकरण छुट भएका ११५२५ जना लाभग्राहीहरुको छुट भएको अवधिको नियमानुसार पाउने सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने बारे निर्णय हुन गृह मन्त्रालय पठाइएको।
- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा खाता खोल्ने, रकम जम्मा गर्ने, प्रतिवेदन गर्ने र हिसाव मिलान गर्ने लगायत कार्यका लागि यस विभाग र बैंक तथा वित्तीय संस्थाहरु बिच API प्रणाली लागु गर्न सहित तीन वटा बैंकहरुसँग नमूना परिक्षण गर्न स्वीकृत भएको ।
- यस विभागबाट सञ्चालित व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन सूचना प्रणाली (VERSP MIS) र महालेखा नियन्त्रकको कार्यालयबाट सञ्चालित कम्प्यूटरिकृत सरकारी

लेखा प्रणाली (CGAS) वीच सेवा आवद्ध गर्ने सम्बन्धमा ५० वटा स्थानीय तहमा नमूना परीक्षण गर्न स्वीकृति भएको।

➢ **माघ देखि चैत्र मसान्तसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या:**

| क्र.सं. | लाभग्राही वर्ग | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक (६८ वर्ष भन्दा माथि) | १५६८९४० | १५७८८१२ | १६०७२९६ |
| २ | जेष्ठ नागरिक (क्षेत्र तोकिएको ६० वर्ष उमेर पुगेका) | १६५११ | १६६६८ | १५९५३ |
| ३ | जेष्ठ नागरिक दलित (६० वर्ष उमेर पुगेका) | १५१२५४ | १५२७७३ | १४६७४० |
| ४ | जेष्ठ नागरिक (एकल महिला) | २११५०७ | २१२३९९ | २११२१३ |
| ५ | विधवा | ३६०१४३ | ३६३१०९ | ३५५२८७ |
| ६ | पुर्ण अपाङ्गता (क वर्ग) | ६४०४३ | ६४५९८ | ६४९७३ |
| ७ | अति अशक्त अपाङ्गता (ख वर्ग) | १३३५१८ | १३५०३५ | १३५९८१ |
| ८ | लोपोन्मुख जाती | २१८२५ | २१८८९ | २१९०४ |
| ९ | लोपोन्मुख (बालबालिका) | ३५६ | ३८० | ३५१ |
| १० | बालबालिका (दलित) | ३५४५२६ | ३६०९३३ | ३६८७२२ |
| ११ | बालबालिका (क्षेत्र तोकिएको) | ७६३४२१ | ७७७०६२ | ७९४८८६ |
| **कुल जम्मा** | | ३६४६०४४ | ३६८३६५८ | ३७२३३०६ |

## ४. हाल संचालनमा रहेका सूचना व्यवस्थापन प्रणाली

- NID-MIS
- Public Portal - Pre-Enrollment (NID-MIS)
- VERSP-MIS
- Public Portal - Notification (VERSP-MIS)
- SSRP - MIS
- GMS
- Digitization System
- Archiving Application System,
- Progress Tracking System

**NID-MIS अन्य विद्युतीय सेवासँग आवद्धता (Integration)**

- २०७८।०८।०१ बाट राहदानी विभागसँग System Integration भै राष्ट्रिय परिचयपत्रमार्फत e-Passport बनाउन Verification गर्ने कार्य भएकोमा हाल राहदानी विभागको विधुतीय प्रणालीसँग राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली पूर्ण रुपमा आवद्धता भइ राहदानी लिने नागरिकका जैविक तथा वैयक्तिक विवरणहरु प्रमाणीकरण भइरहेको छ।
- राष्ट्रिय परिचयपत्रको आवेदन नम्बरबाट NIN ( National Identity number) प्रदान गर्ने विद्युतीय सेवाको विकास भइ संचालनमा रहेको
- चिकित्सा शिक्षा आयोगसँग मेडिकल अधिकृत प्रवेश परीक्षामा NID आवद्धता लागू भएको।
- कर्मचारी संचयकोष, आन्तरिक राजश्व र दूर सञ्चार सेवासँग आवद्धताका लागि छलफल भइरहेको।
- राष्ट्रिय परिचयपत्र तथा प्रणालीसँग सम्बन्धित कुनै समस्या आइपरेमा तत्काल समाधान गर्नका लागि १ जना टेक्निसियन राहदानी विभागमा खटाइएको।
- अन्य निकायहरुसँग आवद्धताका लागि निरन्तर छलफल भइरहेको र NID Authentication Platform विकासको लागि आवश्यक बजेट माग गरिएको।

**VERSP-MIS अन्य विद्युतीय सेवासँग आवद्धता (Integration)**

- SSA System लाई CGAS सँग System Integration को लागि अध्ययन प्रतिवेदन प्राप्त भई स्वीकृतीको लागि मन्त्रालय पठाइएको,
- CMIS सँग VERSP-MIS System Integration भएको
- SSRP पोर्टल मार्फत VERSP-MIS System बैंकको System सँग Integration भएको,
- अनलाइनमार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणाली (VERSP-MIS) सञ्चालन भएका वडा कार्यालय तथा स्थानीय तहमा अनिवार्य रुपमा VPN मार्फत VERSP-MIS सञ्चालन गरिएको,
- स्वास्थ्य मन्त्रालयको BRMS (Birth Reg. Management) र DRMS ( Death Reg. Management System) सँग VERSP-MIS System Integration गरी कार्य भईरहेको,
- अध्यागमन कार्यालय त्रि.अ.वि को नेपाली पोर्ट सँग Service Integration भएको।
- राष्ट्रिय तथ्याङ्क कार्यालय र राष्ट्रिय किताबखाना (निजामति) सँग Service Integration भएको।

- कन्सुलर सेवा विभागसँग अन्तर आवद्धता भइ VERSP MIS system बाट Verify गर्ने कार्य भइरहेको।

## ५. अन्यः

सेवाग्राहीहरुको जिज्ञासा, गुनासो र अन्य समस्या समाधानका लागि विभागमा २०७९।१२।२६ गतेदेखि Help Desk सञ्चालन गरिएको।

## गुनासो सम्बोधन तर्फ

- २०७९ चैत्र महिनासम्म गुनासो व्यवस्थापन प्रणालीमार्फत गुनासो दर्ता भएको संख्या जम्मा ५५६ वटामा विभागसँग सम्बन्धित ५५१ फछ्यौंट र ५ वटा प्रकृयामा रहेको।
- २०७९ चैत्र महिनासम्ममा ईमेलमार्फत प्राप्त भएका गुनासो कुल जम्मा २४९ वटा मध्ये सबै २४९ वटै शतप्रतिशत फर्छ्यौट भएको।
- हेलो सरकार मार्फत २०७९ पौष महिनासम्ममा प्राप्त गुनासो २४८ मध्ये २४८ फछ्यौंट भएको।

## आ.व. २०७९/०८० चैत्र मसान्तसम्मको Milestone प्रगति विवरण

| कार्यक्रम | मुख्य क्रियाकलाप संख्या | Milestone को संख्या | Milestone को संख्याको आधारमा प्रगति अवस्था | | | |
|---|---|---|---|---|---|---|
| | | | (८०-१००% प्रगति) | आंशिक (५०-८०% प्रगति) | आंशिक (२०-५०% प्रगति) | आंशिक (०-२०% प्रगति) |
| राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता | १० | १९ | ११ | - | ४ | ४ |
| सामाजिक सुरक्षा तथा संरक्षण ३१४०१०१२ | ४ | १० | ४ | - | २ | ४ |
| **जम्मा** | १४ | २९ | १५ | - | ६ | ८ |
| **प्रगति प्रतिशत** | | | ५१.७ | - | २०.६८ | २७.५८ |

## वित्तीय प्रगति

ब उ शि नं ३१४०१०११३/४ चालु आव २०७९/८०को खर्चको स्थिति विबरण/खर्च प्रतिशत (रकम रु हजारमा)

| बजेट को प्रकार | कुल बजेट | | | चैत्र महिनासम्मको जम्मा खर्च | | | खर्च प्रतिसत | |
|---|---|---|---|---|---|---|---|---|
| | नेपाल सरकार | IDA | जम्मा | नेपाल सरकार | IDA | जम्मा खर्च | नेपाल सरकार | IDA |
| पुजिगत | २७६१२० | ९२१०० | ३६८२२०.०० | १२१२०४.४६ | ७५९४९.६६ | १९७१५४.११ | ४३.९० | ८२.४६ |
| चालु | १४६२१०१ | २०२३०० | १६६४४०१.०० | १२७१९७६.६४ | २४१११.५८ | १२९६०८८.२१ | ८७.०० | ११.९२ |
| जम्मा | १७३८२२१ | २९४४०० | २०३२६२१.०० | १३९३१८१.१० | १०००६१.२३ | १४९३२४२.३३ | ७३.४६ | |

## सूचना अधिकारी र प्रमुखको नाम र पदः

कार्यालय प्रमुखः महानिर्देशक, श्री रुद्रप्रसाद पण्डित

सूचना अधिकारीः निर्देशक, श्री कृष्ण पौडेल

## ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४
- नेपाल सरकार कार्यविभाजन नियमावली (गृह मन्त्रालयको कार्यक्षेत्र)
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली २०७७ (पहिलो संशोधन २०७८)
- सामाजिक सुरक्षा ऐन, २०७५ तथा नियमावली २०७६ (दोस्रो संशोधन २०७९)
- सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धी कार्यविधि, २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी आर्थिक निर्देशिका, २०७७
- राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन रणनीतिक योजना, २०७५/७६ - २०७७/७८
- सामाजिक सुरक्षा ऐन, २०७५ (पहिलो संशोधन अध्यादेश, २०७७) स्वीकृत भई कार्यान्वयनमा रहेको,
- विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति ,२०७४ (पहिलो संसोधन २०७६)
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोश्रो संशोधन २०७६)
- व्यक्तिगत घटना दर्ता तथा तथ्यांक व्यवस्थापन रणनीति, २०७६ (Strategy of Civil Registration and Vital Statics, 2019)

- नेपाल सरकारका निर्णय तथा परिपत्रहरु

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वेभसाईट भए सोको विवरणः** https://donidcr.gov.np

**Email: info@donidcr.gov.np**

**कार्यालय सम्पर्क नं.**: 014200014

**Call Center**: 015970449 (राष्ट्रिय परिचयपत्रसम्बन्धी कुनै गुनासो वा समस्या भएमा)

**सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरणः** विश्व बैंकको ऋण सहयोगमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना (SSSPCR) संचालन भईरहेको।

**सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः** औपचारिक रूपमा सूचना माग नभए पनि विभागसँग सम्बन्धित सूचनाहरू सम्प्रेषण भइरहेको।

**समाप्त**